कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ्ग, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ९८५११८५०९६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८३/८४
च.नं. : २४६

मिति २०८३।०५।२४

विषय : कार्यालय समयपालन सम्बन्धमा ।

श्री सूचना प्रविधि अधिकृत,
कालिका गाउँकार्यपालिकाको कार्यालय रसुवा ।

प्रस्तुत विषयमा निजामती सेवा ऐन नियमावलीमा व्यवस्था भए बमोजिम कर्मचारीहरुले पालना गर्नु पर्ने आचरणका सम्बन्धमा पटक पटक स्टाफ मिटिङ्गमा सचेत गराउँदै आएको सवै कर्मचारीहरुलाई जानकारी नै छ ।

मिति २०८३।०५।१० गते भोटेकोशीमा आएको बाढीका कारण यो गाउँपालिकामा पनि धेरै मानवीय क्षति भएको समयमा राहत वितरण लगायत तथ्याङ्क सङ्कलनमा कर्मचारीहरुले अग्रभागमा रही क्रियाशिल भुमिका रहनु पर्नेमा केही कर्मचारीहरुले यस समस्यालाई गाम्भिर्यता नलिई आचरण अनुकुल कार्य गरेको नदेखिएकोले मौखिक चेतावनी दिइएको । तत्पश्चात पनि केहि कर्मचारीहरु कार्यालयमा कुनै जानकारी नगराई आफूखुशी आउने आफूखुशी कार्यालयमा अनुपस्थित हुने क्रियाकलाप गरी अटेर गरेको देखिएकोले यस कार्यालयको इ -हाजिरलाइ पुर्णरुपमा निगरानी गर्न र कार्यालयमा अनुपस्थित कर्मचारीको मनासिव कारण नदेखिएमा निजको तलव भत्ताबाट तलव कट्टी गर्न बाध्य भएकोले अनुपस्थित कुनै पनि कर्मचारीको नियमानुसारको प्रकृया नपुर्याइ निर्णय नभएसम्म निजहरुको हाजिर मिलान नगर्न हुन जानकारी गराइन्छ ।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
२०८३।०५।२४

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री भुमि , सहकारी, सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिहदरवार काठमाण्डौ ।

श्री गाउपालिका अध्यक्षज्यू,
कालिका गाउँपालिका धै. रसुवा ।